# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड २९ ] काठमाडौं, फागुन २० गते २०३६ साल [ संख्या ४५


श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

मालपोत नियमावली, २०३६

मालपोत ऐन, २०३४ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

परिच्छेद–१

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरूको नाम "मालपोत नियमावली, २०३६" रहेको छ ।

(२) यो नियमावली ऐन प्रारम्भ भएको जिल्लामा तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

(क) "ऐन" भन्नाले "मालपोत ऐन, २०३४" सम्झनुपर्छ ।

(ख) "समिति" भन्नाले नियम १६ बमोजिमको हाल आवादी समिति सम्झनुपर्छ ।

४२१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद–२

जग्गा र मालपोतको लगत

३. जग्गा दर्ता : (१) मालपोत कार्यालयले आफ्नो क्षेत्रभित्रको प्रत्येक जग्गा अनुसूची १ बमोजिमको दर्ता किताबमा दर्ता गरी राख्नु पर्नेछ ।

(२) मालपोत कार्यालयले उप-नियम (१) बमोजिमको जग्गाको लगत अद्यावधिक गरी राख्नु पर्नेछ ।

(३) प्रचलित कानूनबमोजिम कुनै जग्गाको मोही परिवर्तन भएमा सम्बन्धित कार्यालयले त्यसको सूचना मालपोत कार्यालयलाई दिनु पर्नेछ ।

४. नापी नक्शा छूट हुन गएको जग्गा दर्ता : नापी नक्शा वा दर्ता हुन छुटेको जग्गा नापी नक्शा दर्ता गराउन सम्बन्धित जग्गावालाले मालपोत कार्यालयमा दर्खास्त दिनु पर्नेछ । त्यसरी दर्खास्त पर्न आएमा मालपोत कार्यालयले नापी नक्शा भई दर्ता गर्नसम्म छुटेकोमा दर्ता र नापी नक्शा हुन नै छुटेकोमा नापी बिभागको सहमती लिई सो जग्गाको प्रचलित कानूनबमोजिम नापी नक्शा गराई दर्ता गरी दिनु पर्नेछ ।

५. मालपोतको लगत : मालपोत कार्यालयले दर्ता किताबको आधारमा मालपोत लाग्ने प्रत्येक जग्गाको मालपोतको लगत तयार गरी अद्यावधिक गरी राख्नु पर्नेछ र सोही आधारमा मालपोत असूल गर्नु गराउनु पर्नेछ ।

परिच्छेद–३

मालपोत असूलीसम्बन्धी व्यवस्था

६. मालपोत असूल हुन बाँकी जग्गाको फाँटवारी : (१) ऐनको दफा १४ बमोजिम मालपोत नबुझाई बाँकी रहेको जग्गाको फाँटवारी मालपोत कार्यालयले तयार गर्दा देहायबमोजिमको विवरण खुलाई तयार गर्नु पर्नेः–

(क) जग्गाधनीको नाम, थर र वतन,

(ख) मोहीयानी लागेको भए सो जग्गा कमाउनेको नाम, थर र वतन,

(ग) जग्गा रहेको पञ्चायत र वडा नम्बर,

(घ) जग्गाको कित्ता नम्बर, क्षेत्रफल र किसिम,

(ङ) लाग्ने मालपोत,

(च) असूल भएको मालपोत,

(छ) असूल हुन बाँकी मालपोत, र

(ज) अन्य रकम ।

(२) उप-नियम (१) बमोजिम तयार भएको फाँटवारीको सूचना मालपोत कार्यालयले आफ्नो सूचनापाटीमा टाँस्नुको साथै जिल्ला कार्यालय, भूमिसुधार कार्यालय, जिल्ला पञ्चायत, सम्बन्धित गाउँ वा नगर पञ्चायत र जिल्लाको चल्तीको कुनै दुई ठाउँमासमेत टाँस्न लगाई प्रकाशित गर्नु पर्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उप-नियम (२) बमोजिम मालपोत कार्यालयले सूचना प्रकाशित गर्दा कुन पञ्चायतको जग्गा कुन मितिमा लिलाम बिक्री हुने हो सो कुरा सूचनामा प्रष्ट खुलाई प्रकाशित गर्नु पर्नेछ।

(४) उप-नियम (२) र (३) बमोजिम सूचना प्रकाशित भएपछि सम्बन्धित जग्गावालालाई सूचना दिएको मानिनेछ।

७. जग्गा लिलाम गर्ने : (१) ऐनको दफा १६ को उप-दफा (१) बमोजिम मालपोत कार्यालयले मालपोत असूल उपर गर्न बाँकी रहेको जग्गा लिलाम बिक्री गर्दा जिल्ला कार्यालयको प्रतिनिधि साछी राखी लिलाम बिक्रीको निमित्त बढाबढ गर्नु पर्नेछ।

(२) लिलाम सकार गर्ने व्यक्तिले सकार गरेको रकम तुरुन्त दाखिल गर्नु पर्नेछ र सो रकम दाखिल गर्न नसकेमा सकार गरेको रकमको सयकडा दश धरौटी दाखिल गरी बाँकी रकम तीन दिनभित्र दाखिल गर्नु पर्नेछ। सयकडा दश धरौटी राखेकोमा बाँकी रकम तीन दिनभित्र दाखिल गर्न नसकेमा राखेको धरौटी जफत हुनेछ र त्यस्तो जग्गाको स्वामित्व श्री ५ को सरकारमा सर्नेछ।

(३) लिलाम बिक्री सदर वा बदर गर्ने अन्तिम अधिकार श्री ५ को सरकारमा निहित रहनेछ।

(४) लिलाम बिक्री सदर भएपछि मालपोत कार्यालयले सकार गर्नेको नाउँमा पैंतीस दिनभित्र त्यस्तो जग्गाको दाखिल खारेज गरी दिनु पर्नेछ। मोहीयानी लागेको जग्गा भए मालपोत कार्यालयले मोहीलाई पनि त्यसको सूचना दिनु पर्नेछ।

(५) लिलाम बिक्री बदर भएकोमा भने मालपोत कार्यालयले सकार गर्नेलाई पैंतीस दिनभित्र सूचना दिनु पर्नेछ।

८. सकार नभएका जग्गाको बिक्री वितरण : (१) ऐनको दफा १६ को उप-दफा (३) बमोजिम लिलाम सकार नभई श्री ५ को सरकारको स्वामित्वमा आएको जग्गा मालपोत कार्यालयले प्रत्येक साल चैत्र १ गतेदेखि १५ गतेसम्म बढाबढ गरी बिक्री वितरण गर्नु पर्नेछ।

(२) उप-नियम (१) बमोजिम बढाबढ गरी बिक्री वितरण गर्दा नियम ७ को व्यवस्था लागू हुनेछ।

(३) उप-नियम (१) बमोजिम बढाबढ गरी बिक्री गर्दा कसैले सकार नगरेमा वा बढाबढ बदर भएमा त्यस्तो जग्गा श्री ५ को सरकारले कुनै संस्था वा व्यक्तिलाई बढाबढ नगरी प्रचलित दरभाउमा बिक्री वितरण गर्न सक्नेछ।

९. जग्गा बिक्री वितरण नभएसम्मको व्यवस्था : ऐनको दफा १६ को उप-दफा (५) बमोजिम श्री ५ को सरकारको स्वामित्वमा आएको जग्गाको बिक्री वितरण नभएसम्म मालपोत कार्यालयले कुनै संस्था वा व्यक्तिमार्फत् त्यस्तो जग्गाको कमोत गर्ने वा कूत असूल गर्ने व्यवस्था मिलाउन सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१०. बैंकमार्फत् मालपोत दाखिला गर्न सकिने : (१) जग्गावालाले आफ्नो नाम, थर, वतन र जग्गा रहेको पञ्चायत वडा नम्बर, कित्ता नम्बर, किसिम र क्षेत्रफलसमेत खोली बुझाउन पर्ने मालपोत सम्बन्धित मालपोत कार्यालयको नाउँमा नेपाल राष्ट्र बैंक भएको ठाउँमा सो बैंकमा र सो नभएको ठाउँमा अन्य बैंकमा दाखिला गरी त्यसको भौचर सम्बन्धित मालपोत कार्यालयमा दाखिल गर्न सक्नेछ ।

(२) उप-नियम (१) बमोजिम बैंक दाखिला गरेको भौचर सम्बन्धित मालपोत कार्यालयमा मालपोत दाखिल गर्ने म्यादभित्र पुगी सक्नु पर्नेछ । सो म्यादभित्र भौचर मालपोत कार्यालयमा नपुगेमा मालपोत म्यादभित्र बुझाएको मानिने छैन ।

(३) बैंक दाखिला गरिएको भौचर म्यादभित्र मालपोत कार्यालयमा नपुगी जग्गा लिलाम सदर भै सकेको भए त्यस्तो बैंक दाखिल भएबमोजिमको रकम सो जग्गावालालाई फिर्ता दिइनेछ ।

## परिच्छेद–४

## मालपोत मिन्हासम्बन्धी व्यवस्था

११. नदीकाट, बालुबुर्ज भएमा वा पहिरो गएमा : नदीकाट बालुबुर्ज भई वा पहिरो गई ऐनको दफा २० को उप-दफा (१) बमोजिम दर्खास्त दिंदा सम्बन्धित जग्गावालाले सो घटना घटेको पैंतीस दिनभित्र अनुसूची २ बमोजिमको ढाँचामा दर्खास्त दिनु पर्नेछ ।

१२. सुक्खा वा अन्य दैवी प्रकोपले बाली हुन नसकेमा मालपोत मिन्हा दिने : (१) ऐनको दफा २१ बमोजिम बाली नोक्सान भएमा बाली खडा छँदै त्यस्तो नोक्सान पर्ने व्यक्तिले कार्तिक १५ गतेसम्ममा मालपोत कार्यालयमा दर्खास्त दिनु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम दर्खास्त परेमा मालपोत कार्यालयले सोही सालको मार्ग १५ गतेसम्म जाँचबुझ र सरजमीनसमेत गरी नोक्सानीको अनुपातमा के कति मिन्हा दिनु पर्ने हुन्छ ठहर गरी श्री ५ को सरकारमा जाहेर गर्नु पर्नेछ ।

(३) उप-नियम (२) बमोजिम नाप जाँच र सरजमीन नभएसम्म जग्गावालाले सम्बन्धित बाली काट्न हुँदैन ।

## परिच्छेद–५

## मालपोत असूल गर्ने काम, कर्तव्य र दायित्वसम्बन्धी व्यवस्था

१३. मालपोत असूल गर्ने काम, कर्तव्य, अधिकार, सुविधा र पारिश्रमिक : मालपोत असूल गर्ने व्यक्ति वा संस्थाको काम, कर्तव्य, अधिकार, सुविधा र पारिश्रमिक देहायबमोजिम हुनेछन्:–

(क) व्यक्ति वा संस्थाद्वारा मालपोत असूल गराइएकोमा त्यस्तो मालपोत असूल गर्ने व्यक्ति वा संस्थालाई श्री ५ को सरकारले समय समयमा निर्णय गरे अनुसारको पारिश्रमिक दिइनेछ ।

728

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) मालपोत असूल तहसील गर्दा लागेको खर्च खण्ड (क) बमोजिम पाउने पारिश्रमिकबाट सम्बन्धित व्यक्ति वा संस्थाले व्यहोर्नु पर्नेछ ।

(ग) मालपोत असूल भएको रकमको अङ्क एक हजार रूपैयाँभन्दा बढी भएमा नेपाल राष्ट्र बैंक रहेको ठाउँमा नेपाल राष्ट्र बैंकमा र नेपाल राष्ट्र बैंक नरहेको ठाउँमा अन्य कुनै बैंकमा दाखिला गर्नु पर्नेछ ।

(घ) प्रत्येक महीनाको असूल तहसीलको मास्केवारी र बैंक दाखिला भौचर अर्को महीनाको तीन दिनभित्र सम्बन्धित मालपोत कार्यालयमा दाखिला गर्नु पर्नेछ ।

(ङ) मालपोत असूल गर्ने व्यक्ति वा संस्थाले मालपोतको रसीद दिंदा मालपोत कार्यालयबाट प्राप्त रसीद प्रयोगमा ल्याउनु पर्नेछ ।

(च) मालपोत असूल गर्ने व्यक्ति वा संस्थाले प्रत्येक साल जेष्ठ मसान्तसम्ममा असूल गरी असूलीको फाँटवारी र मालपोत बाँकीको फाँटवारीसमेत सोही सालको आषाढ ५ गतेसम्ममा मालपोत कार्यालयमा बुझाउनु पर्नेछ ।

(छ) मालपोत असूल गर्ने व्यक्ति वा संस्थाले समय समयमा मालपोत कार्यालयबाट दिइएको निर्देशनको पालना गर्नु पर्नेछ ।

१४. मालपोत कार्यालयले कागज गराउनु पर्ने : मालपोत असूल गर्ने व्यक्ति वा संस्थासंग ऐन र यस नियमावलीको अधीनमा रही मालपोत असूल तहसील गरी मालपोत कार्यालयमा दाखिल गर्नेछु भन्ने कागज गराई मालपोत कार्यालयले निजबाट धनजमानी वा जेथाजमानी-समेत लिनु पर्नेछ ।

१५. अधिकार रद्द गर्न सकिने : मालपोत असूल गर्ने व्यक्ति वा संस्थालाई यस नियमावली-बमोजिम प्रदान गरिएको अधिकार श्री ५ को सरकारको स्वीकृति लिई मालपोत कार्यालयले जुनसुकै समयमा रद्द गर्न सक्नेछ ।

## परिच्छेद–६

## जग्गा आवाद गर्नेसम्बन्धी व्यवस्था

१६. हाल आवादी समिति : (१) ऐनको दफा २६ को उप-दफा (१) को प्रयोजनको लागि देहायबमोजिमको हाल आवादी समिति हुनेछः–

(क) मालपोत कार्यालयका प्रमुख– अध्यक्ष

(ख) प्रतिनिधि, जिल्ला कार्यालय– सदस्य

(ग) भूमिसुधार अधिकारी वा प्रतिनिधि– सदस्य

(घ) प्रतिनिधि, जिल्ला पञ्चायत– सदस्य

(ङ) जिल्ला वन कार्यालयको प्रमुख वा प्रतिनिधि– सदस्य

(च) पुनर्वाससम्बन्धी कार्यालयको प्रतिनिधि (सो कार्यालय भएकोमा)– सदस्य

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

(२) समितिको बैठक र कार्यविधि देहायबमोजिम हुनेछः–

(क) समितिको बैठक आवश्यकतानुसार अध्यक्षले तोकेको समय, मिति र स्थानमा बस्नेछ ।

(ख) अध्यक्षले तोकेको कर्मचारीले समितिको सचिव भई काम गर्नेछ ।

(ग) चारजना सदस्य उपस्थित भएमा समितिको गणपूरक संख्या पुगेको मानिनेछ ।

(घ) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णयात्मक मतसमेत दिन पाउनेछ ।

(ङ) समितिको बैठकमा अपनाइने अन्य कार्यविधि समिति आफैंले निर्धारण गर्न सक्नेछ ।

१७. हाल आवादीको लागि दिइने दर्खास्त र वितरण गरिने जग्गाको अधिकतम हद : (१) ऐनको दफा २६ को उप-दफा (२) बमोजिम दर्ता नभएको जग्गा हाल आवाद गर्न स्वीकृतिको लागि समितिसमक्ष कसैले दर्खास्त दिंदा निज वा निजको परिवारको नाममा जग्गावाला वा मोहीको हैसियतले कहीं कुनै जग्गा नभएमा वा जग्गा भए पनि भित्री मधेशलगायत तराई क्षेत्रमा भए चार विगहा, काठमाडौं उपत्यकामा भए दश रोपनी वा अन्य क्षेत्रमा भए बीस रोपनीभन्दा घटी जग्गा भएमा मात्र निजले दर्खास्त दिन पाउनेछ र त्यसरी दर्खास्त दिंदा अनुसूची ३ बमोजिमको ढाँचामा दिनु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम दर्खास्त दिने व्यक्ति वा निजको परिवारको नाममा जग्गावाला वा मोहीको हैसियतले केही कुनै जग्गा नभएमा समितिले त्यस्तो व्यक्तिलाई भित्री मधेशलगायत तराई क्षेत्रमा भए चार विगहा, काठमाडौं उपत्यकामा भए दश रोपनी र अन्य क्षेत्रमा भए बीस रोपनीमा नबढ्ने गरी जग्गा हाल आवाद गर्न स्वीकृति दिन सक्नेछ ।

(३) उप-नियम (१) बमोजिम दर्खास्त दिने व्यक्ति वा निजको परिवारको नाममा जग्गावाला वा मोहीको हैसियतले भित्री मधेशलगायत तराई क्षेत्रमा भए चार विगहा, काठमाडौं उपत्यकामा भए दश रोपनी वा अन्य क्षेत्रमा भए बीस रोपनीभन्दा घटी जग्गा भएमा समितिले त्यस्तो व्यक्तिलाई माथि उल्लेखित विगहा वा रोपनीमा नपुग जग्गासम्म मात्र हाल आवाद गर्न स्वीकृति दिन सक्नेछ ।

(४) कुनै शिक्षण संस्था, पञ्चायत वा अन्य कुनै सामाजिक संस्थालाई हाल आवादी गर्न स्वीकृति दिंदा उप-नियम (१), (२) वा (३) मा तोकिएको हद लागू हुने छैन ।

(५) यस परिच्छेदको प्रयोजनको लागि "परिवार" भन्नाले पति, पत्नी, अंश छुट्टिएको वा नछुट्टिएको भए तापनि नाबालक छोरा तथा अविवाहिता छोरी सम्झनुपर्छ ।

१८. जाँचबुझ गर्नु पर्ने : (१) समितिले जग्गा आवाद गर्न स्वीकृति दिनुभन्दा अघि सो जग्गा ऐनको दफा २४ बमोजिम आवाद गर्न नहुने जग्गा हो होइन त्यसको सरजमीन गरी आवाद गर्न दिन हुने भए आवश्यक नाप जाँचसमेत गरी समितिमा पेश गर्न मालपोत कार्यालयलाई लेख्नु पर्नेछ र समितिले चाहेमा आफैंले पनि जाँचबुझ गर्न सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप-नियम (१) बमोजिम समितिबाट लेखी आएमा मालपोत कार्यालयले पनि सोबमोजिम गरी समितिमा आवश्यक विवरण पेश गर्नु पर्नेछ ।

१९. दर्ता दस्तूर : (१) हाल आवादी गर्न स्वीकृति दिएको जग्गा दर्ता गर्दा सो जग्गामा लाग्ने एक बर्षको मालपोतको अङ्कको दश दोब्बर रकम जग्गा पाउने व्यक्तिबाट जग्गा आवाद गर्न पाए बापतको दस्तूर मालपोत कार्यालयले असूल गर्नेछ ।

(२) उप-नियम (१) बमोजिमको दस्तूर किस्ताबन्दीमा दश वर्षभित्र बुझाउन पाउने गरी समितिले तोकी दिन सक्नेछ ।

२०. हाल आवादीमा जग्गा पाउने प्राथमिकता : (१) कुनै एकै जग्गा आवाद गर्न स्वीकृतिको लागि एकभन्दा बढी व्यक्तिको दर्खास्त परेमा समितिले देहायको प्राथमिकताक्रमको आधारमा जग्गा आवाद गर्न स्वीकृति दिनेछः–

(क) खोलो, पहिरो, बाढी वा अन्य दैवी प्रकोपमा परी कुनै ठाउँमा केही जग्गा नभएको व्यक्ति,

(ख) बन्दव्यापार वा कुनै नोकरी पेशा व्यवसाय नभई घर घडेरी बाहेक कुनै ठाउँमा केही जग्गा नभएको व्यक्ति,

(ग) आफ्नो जग्गा नभई समितिबाट आवाद गर्न दिइने अधिकतम हदभन्दा घटी जग्गा कमाउने व्यक्ति,

(घ) समितिबाट आवाद गर्न दिइने अधिकतम हदभन्दा घटी जग्गा हुने व्यक्ति,

(ङ) सन्धी सर्पन पर्ने सँधियार ।

(२) उप-नियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि हाल आवादीको प्राथमिकताक्रमको हकमा देहायको अवस्थामा देहायबमोजिम हुनेछः–

(क) एकै क्रममा पर्ने व्यक्तिहरूमा स्थानीय व्यक्ति र अर्को इलाकाको व्यक्ति परेमा स्थानीय व्यक्तिलाई पहिलो प्राथमिकता दिइनेछ ।

(ख) हाल आवादी गर्न दिइने जग्गा यो नियमावली प्रारम्भ हुँदाको बखत कसैले जोतभोग गरिरहेको भए त्यस्तो जग्गाको हकमा उक्त प्राथमिकताक्रम लागू हुनेछैन ।

(ग) नियम १७ को उप-नियम (४) बमोजिमको संस्थालाई हाल आवाद गर्न दिंदा उक्त प्राथमिकताक्रम लागू हुनेछैन ।

२१. जग्गा आवाद गर्न पालन गर्नु पर्ने शर्तहरू : (१) हाल आवादीमा जग्गा पाउनेले त्यस्तो जग्गा आफ्नो वा आफ्नो परिवारको श्रमले आवाद गर्नु पर्नेछ ।

(२) हाल आवादीमा पाएको जग्गा आफ्नो नाममा दर्ता भएको मितिले दश वर्षसम्म अरूलाई हक छाडी दिन वा कृषि विकास बैंक वा साझा संस्था बाहेक अरूलाई धितो बन्धकी राख्न हुँदैन ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) आफूसंग भएको जग्गाको सम्बन्धमा झुट्ठा विवरण दिई हाल आवादीमा जग्गा प्राप्त गरी आवाद गर्न हुँदैन ।

(४) उप-नियम (१), (२) वा (३) मा उल्लिखित कुराहरू उल्लङ्घन गरेमा मालपोत कार्यालयले सो जग्गाको दर्ता बदर गरी त्यस्तो जग्गा नियम १७ र २० को अधीनमा रही बिक्री वितरण गर्न सक्नेछ ।

२२. जग्गा दर्ता गर्ने : समितिबाट जग्गा आवाद गर्न स्वीकृति दिएपछि मालपोत कार्यालयले नियम १९ बमोजिम दस्तूर लिई सो जग्गा हाल आवादीमा जग्गा पाउने दर्खास्तवालाको नाममा दर्ता गरी निजलाई जग्गाधनी दर्ता प्रमाण पुर्जासमेत दिनेछ ।

२३. पुरानो हाल आवादीसम्बन्धी : (१) यो नियमावली प्रारम्भ हुनुभन्दा अघि हाल आवादी-सम्बन्धी दरखास्त परी जाँचबुझ र सरजमीन भई तत्कालीन हाल आवादी समितिबाट दर्ता गर्ने निर्णय भइसकेको जग्गाको हकमा मालपोत कार्यालयले नियम १९ बमोजिम दस्तूर लिई दर्खास्तवालाको नाममा सो जग्गा दर्ता गरी दिनु पर्नेछ ।

(२) यो नियमावली प्रारम्भ हुनुभन्दा अघि हाल आवादीको लागि दर्खास्त मात्र परेकोमा मालपोत कार्यालयले त्यस्तो जग्गाको हकमा नियम १८ बमोजिम आवश्यक नापजाँच गरी समितिमा निर्णयको लागि पेश गर्नु पर्नेछ ।

## परिच्छेद—७

## विविध

२४. पुनर्वासद्वारा बिक्री वितरण भएको जग्गा : पुनर्वाससम्बन्धी प्रचलित नेपाल कानूनबमोजिम बिक्री वितरण भएको जग्गाको लगत सम्बन्धित कार्यालयले मालपोत कार्यालयमा दिनु पर्नेछ ।

२५. लागू नहुने : यो नियमावली प्रारम्भ भएको जिल्लामा भूमि प्रशासन नियमहरू, २०२[illegible], लागू हुने छैनन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–१
(नियम ३ को उप-नियम (१) संग सम्बन्धित)

जिल्ला:– . . . . . . . . . .
पंचायत:– . . . . . . . . . .

## दर्ताकिताव

| क्रम संख्या | वडा नं. | कि.नं. | किसिम | | | | | | | | क्षेत्रफल | जग्गावालाको नाम, थर र वतन | मोही लागेको भए मोही-को नाम, थर र वतन | मालपोत कार्यालय प्रमुखको दस्तखत र मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | धनहर वा खेत | | | | भीट वा पाखो | | | | | | | | |
| | | | अवल | दोयम | सिम | चाहार | अवल | दोयम | सिम | चाहार | | | | | |
| | | | | | | | | | | | | | | | |

मुद्रण विभाग, सिंहदरबार

425

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–२

(नियम ११ संग सम्बन्धित)

## मालपोत मिन्हाको लागि दिइने दर्खास्तको ढाँचा

श्री मालपोत कार्यालय

... ... ... ... ... ...

मेरो निम्नबमोजिम विवरण भएको जग्गाको.................... बाल नोक्सान भएकोले त्यसै कार्यालयबाट जाँच भै जे जति मालपोत मिन्हा पाउनु पर्ने हो मिन्हा पाउँ। व्यहोरा साँचो हो झुट्ठा ठहरे ऐनबमोजिम सहुँला बुझाउँला।

विवरण

| क्र सं. | जग्गा रहेको | | | जग्गाको | | | मालपोत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | जिल्ला | पञ्चायत | वडानंवर | कि.नं. | क्षेत्रफल | किसिम | | |
| | | | | | | | | |

दर्खास्तवालाको सही................

दर्खास्तवालाको नाम, थर र वतन.............

मितिः–................

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–३
(नियम १७ को उप-नियम (१) संग सम्बन्धित)
## जग्गा आवाद गर्न दिइने दर्खास्तको ढाँचा

श्री अध्यक्ष,
हाल आवादी समिति
.................।

निम्नलिखित जग्गा आवाद गर्न पाउँ भनी नियमानुसार यो दर्खास्त पेश गरेको छु। छौं। निम्नलिखित व्यहोराहरू जाने बुझेसम्म सत्य र सही हुन्। झुट्ठा ठहरे ऐन सवाल बमोजिम बुझाउँला र मंले। हामीले प्राप्त गरेको जग्गा फिर्ता लिएमा कुनै प्रकारको उजूर बाजुर गर्ने छैन। छैनौं।

### (१) माग गरेको जग्गाको विवरण

| जग्गा रहेको | | | जग्गाको चौहदी | | | | अन्दाजी | जग्गाको वर्तमान अवस्था (जंगल, पर्ति, गौचर, वन सीमाना भित्र बाहिर आदि खुलाउने) |
|---|---|---|---|---|---|---|---|---|
| जिल्ला | पंचायत | वडा | पूर्व | पश्चिम | उत्तर | दक्षिण | क्षेत्रफल | |
| | | | | | | | | |

### (२) परिवार र परिवारमा रहेको जग्गाको विवरण

| नं. | | | | परिवारको नाममा रहेको जग्गा सम्बन्धी विवरण | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | उमेर | नाता | जिल्ला | पंचायत | वडा | क्षेत्रफल | मोहियानीको जग्गा भए तिर्नु पर्ने कूत | आफूसंग भएको जनावर - खेती औजारका विवरण | कैफियत |
| | | | | | | | | | | |

(३) जमीन प्राप्त भएमा सो जमीन आवाद गरी खेती गर्न चाहिने र ह्यान्न आफ्संग छ छैन ?...........................

छैन भने कसरी जुटाउने ?......................

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) माथि २ नं. को विवरणमा लेखिएको मध्ये कसैले यस कार्यक्रम वा अन्य कुनै कार्यक्रमअन्तर्गत जग्गा पाउने भनी दर्खास्त पेश गरेको छ छैन ? . . . . . . .
छ भने दर्खास्त दिने व्यक्तिको नाम र व्यहोरा . . . . . . . . . . .

दर्खास्तवालाको सही . . . . .

पूरा नाम ... ... ... ...

ठेगाना ... ... ... ...

मिति . . . . . . . . . (क) स्थायी ... ... ... ...

(ख) अस्थायी ... ... ... ...

आज्ञाले–

गोरक्षबहादुर न्हुच्छे प्रधान

श्री ५ को सरकारको सचिव

मुद्रण विभाग, सिंहदरबार

232

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।